# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देउलेख ,बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
च. नं ६५४

मिति:२०८०।०९।०२

विषय: प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु (आधारभूत कक्षा १-८, माध्यमिक)
बित्थडचिर गाउँपालिका, बझाङ ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि चालु आ.व ०८०।०८१ मा संघीय सरकारबाट वित्तीय हस्तान्तरित तपसिलका कार्यक्रम कार्यान्वयनका लागि अनुदान वितरण गर्नु पर्ने भएकोले यस अधि कुनै क्षेत्रबाट उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरुले तपसिलमा उल्लेख भएका न्यूनतम सर्तहरु पूरा गर्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०८०।०९।२० गते भित्र तोकिएको ढाँचामा प्रस्तावना पेश गर्न हुन इच्छुक विद्यालयहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमहरु:

| क्र.स | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| ३ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६लाख ५० हजार प्रति विद्यालय | १ विद्यालयका लागि मात्र |
| ४ | विज्ञान प्रयोगशाला अनुदान | ६लाख ५० हजार प्रति विद्यालय | १ विद्यालयका लागि मात्र |

क) पुस्तकालय स्थापना तथा व्यवस्थापन : पुस्तकालय नभएका, गत आ.व हरुमा पुस्तकालय शीर्षकमा अनुदान प्राप्त नगरेका,माध्यमिक विद्यालय तथा आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालित, तथा विद्यार्थी संख्या उच्च रहेका,पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका विद्यालयहरुले प्रस्ताव सहित निवेदन दिनुपर्ने छ ।

ख) माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान :
विज्ञान प्रयोगशाला स्थापना नभएका, गत आ.व हरुमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेका तथा विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा रहेका विद्यालयहरुले नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को अनुसूचिमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरी प्रस्ताव पेश गर्ने ।

*बोधार्थ श्री सूचना प्रविधि शाखा वेबसाइटमा अद्यावधिकका लागि ।*


Website:bitthadchirmun.gov.np Email: bitthadchirmun@gmail.com,
सम्पर्क नं : ९८५११११५५१८ (अध्यक्ष) , ९८६८५८८८०९ (उपाध्यक्ष), ९८५६०१८५४६ (प्रमुख प्रशासकीय अधिकृत)
टोल फ्रि नं -१८१०५०००१०९

CamScanner

<u>प्रस्तावनाको नमुना</u>

१. विद्यालयको ऐतिहासिक चिनारी:

२. भौगोलिक अवस्था:

३. सेवाक्षेत्र, जनसङ्ख्या:

४. विद्यार्थी / शिक्षक संख्या:
(कक्षागत र तहगत छात्र-छात्रासहित)

५. विद्यालयको भौतिक अवस्था

६. कार्यक्रमको आवश्यकता र औचित्य:

७. कार्यक्रमको उद्देश्य:

८. माग भएको कार्यक्रमको खाका/मोडालिटी: जस्तै:

| क्रस | कार्यक्रम | लागत अनुमान | कार्यान्वयन विधि |
|---|---|---|---|
| १ | पुस्तक खरिद | | |
| २ | फर्निचर व्यवस्थापन | | |
| ३ | स्टिल दराज तथा ऱ्याक व्यवस्थापन | | |
| ४ | कम्प्युटर | | |
| ५ | दर्ता अभिलेख व्यवस्थापन | | |
| जम्मा | | | |

CamScanner